दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती, प्रदेश मितिः२०७९/१०/१९

## अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम

बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयबाट यस दक्षिणकाली नगरपालिकाका लागि विनियोजित सशर्त अनुदान कार्यक्रम र दक्षिणकाली नगरपालिकाको CBR कार्यक्रम (थप) अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुर्नस्थापना (सि.वि.आर.)कार्यक्रम संचालन गर्न अपाङ्गता भएका क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरुसंगको साझेदारिमा कार्यक्रम गर्नुपर्ने भएको हुँदा तपशिलमा उल्लेखित कागजातहरु समेत संलग्न राखी यस नगर क्षेत्र भित्र काम गर्ने स्थानीय संस्था वा सो नभएमा जिल्ला भित्रकै संस्था मध्येवाट छनोट गर्नेगरी यो सूचना प्रकासित भएको मितिले १५दिन (पन्ध्र दिन भित्र) दक्षिणकाली नगरपालिकामा दरखास्त पेश गर्नहून यो सूचना प्रकाशित गरिएको छ।

### तपसिल

### (क) संस्थाले संचालन गर्नुपर्ने कार्यकमहरु :

१.अपाङ्गता भएका व्यक्तिहरुलाई विद्यमान कानूनमा व्यवस्था भएका विभिन्न सेवा, सूविधा र अवसरबारे जानकारी दिने, परामर्श दिने र सेवा एवं अवसर प्राप्त गर्न मद्दत गर्ने,

२.स्थानीय तहमा कार्यक्रम संचालन गर्दा स्थानीय शिक्षक, बुद्धिजिबी समाजसेवी र स्वयसेवक लगायतका सरोकारवालाहरुसंग समन्वय गर्ने र सेवा प्राप्त गर्न पहल गर्ने,

३.अपाङ्गता भएका व्यक्तिहरुलाई विकास निर्माण सम्बन्धी कियाकलाप तथा सार्वजनिक सरोकारका विषयमा समाहित गर्न समन्वय गर्ने,

४.अपाङ्गता भएका व्यक्तिहरुको अविलम्ब पहिचान एवं सेवा परामर्श पूर्व तयारी कक्षा संचालन, समाहित शिक्षा विशेष शिक्षा तालिम (रोजगार र व्यावसायिक तालिम) स्वास्थ्य उपचार स्याहार र रेखदेख सेवा उपलब्ध गराउन मद्धत गर्ने गराउने,

भोला प्रसाद वाग्ले
प्रमुख प्रशासकीय अधिकृत

दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
२०७३

५.अपाङ्गता भएका व्यक्तिहरु, परिवार, स्थानीय निकायका पदाधिकारी समुदायका लागि अपाङ्गपन विरोध न्यूनिकरण एवं उपचारात्मक लगायत सचेतना सम्बन्धी तालिम कार्यक्रम, गोष्ठी, नेतृत्व विकास, सीप विकास, सहायक सामाग्री वितरण, अन्तरक्रिया, सभा संचालन गर्ने गराउने,

६.अपाङ्गता भएका व्यक्तिहरुका लागि सामाजिक तथा आर्थिक सशक्तिकरण गरी विकासको मुल प्रवाहमा ल्याउने साथै अन्य नागरिक सरह सक्षम तथा स्वावलम्बी बनाउने,

### (ख)बिनियोजित बजेटः

सामाजिक विकास मन्त्रालय बागमती प्रदेशको रु ३,००,०००/- (तीन लाख मात्र) र दक्षिणकाली नगरपालिकाको रु १,५०,०००/-(एक लाख पचास हजार मात्र) गरी जम्मा रु ४,५०,०००/- (चार लाख पचास हजार मात्र)।

### (ग)दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु

क.अपाङ्गता क्षेत्रमा काम गरेको अनुभव सम्बन्धी कागजातहरु
ख.संस्था दर्ता नबिकरण, विधान, प्रशासनिक र आर्थिक नियमावलीको छांयाकपी
ग.समाज कल्याण परिषद्को आवद्धता प्रमाणपत्र
घ.गत वर्षको आर्थिक प्रतिवेदन तथा लेखा परिक्षण प्रतिवेदन
ङ.संस्थाको भौतिक पुर्वाधारको अवस्था दर्साउने कागजात
च.कार्यक्रम प्रस्तावना

भोला प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत